# पाणिनी गाउँपालिका
## Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

दुर्गाफाँट, अर्घाखाँची
Durgafant, Arghakhanchi
प्रदेश नं. ५, नेपाल
Province No. 5, Nepal


पत्र संख्या/Letter No.: ०७७-०७८
चलानी नं./Ref. No.:
मिति/Date:

### कोभिड विशेष कृषि कार्यक्रम संचालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०९।२४

यस पाणिनी गाउँपालिकाको आ.व. २०७७।०७८ को वार्षिक स्विकृत कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु स्थानीय तह मार्फत संचालन हुने कोभिड बिशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७७ बमोजिम कार्यक्रम गर्न इच्छुक कृषकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७७।१०।०९) सम्म न्यूनतम आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका तथा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटको लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.स | कार्यक्रमको नाम | अनुदानको सिमा | अनुदानको मापदण्ड |
|---|---|---|---|
| १ | कोभिड प्रभावित भइ गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान | प्रति अनुदानग्राही बढिमा रु २०,००० | कम्तिमा २ रोपनि जग्गामा तरकारी र फलफूल खेति गरेको, मौरीपालनको हकमा ५ घार मौरीपालन गरेको, च्याउखेतीको हकमा १०० बल च्याउखेती गरेको, कुखुरापालनको हकमा ५० स्थानीय चल्ला पालन गरेको, बंगुर तथा बाख्रापालनको हकमा कम्तिमा ५ वटा माउ पालन गरेको |
| २ | साना कृषि औजार तथा यन्त्र उपकरण ( मिनिटिलर ) मा अनुदान कार्यक्रम | प्रति अनुदानग्राही वढीमा ३५००० सम्म | व्यावसायिक रुपमा कृषि तथा पशुपालन व्यावसाय गर्दै आइरहेको तथा गर्न इच्छुक कृषक हुनुपर्ने |
| ३ | एक स्थानीय तह एक उत्पादन कार्यक्रम | प्रति अनुदानग्राही बढिमा रु २०,००० वा प्रति सहकारी (संकलन केन्द्र निर्माण तथा सामुहिक प्रयोगमा आउने यन्त्र, उपकरण खरिद तथा चक्लाबन्दि खेति गर्न रु १००००००(दश लाख ) सम्म | सहकारीको हकमा सामुहिक रुपमा व्यावसायिक तरकारी खेति गर्दै आइरहेको र व्यक्तिको हकमा कम्तिमा २ रोपनी जग्गामा प्लाष्टिक घर बनाइ तरकारी खेति गरिरहेका तथा गर्न इच्छुक कृषक हुनुपर्ने |

आवश्यक कागजातहरु

१. कार्यालयले उपलब्ध गराएको ढाँचामा निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
३. जग्गाधनि प्रमाणपत्रको प्रतिलिपी
४. विदेशबाट फर्केका कृषकहरुको हकमा प्रमाणपत्रको प्रतिलिपी
५. सम्बन्धित वडा कार्यालयको परिवारको कुनैपनि व्यक्ति बैदेशिक रोजगारीमा नभएको, एकभन्दा बढी कार्यक्रममा अनुदान नपाएको गतबर्ष अनुदान नपाएको, बार्षिक आम्दानी १०००० भन्दा कम भएको साथै सम्बन्धित व्यक्ति नेपालभित्र कुनै सरकारी गैरसरकारी तथा निजी क्षेत्रको रोजगारीमा संलग्न नभएको सिफारिस।
६. संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी र संस्थागत निर्णयको प्रतिलिपी
७. कार्यालयले उपलब्ध गराएको ढाँचमा प्रस्तावना फारम

०७७/९/२४

नेत्र प्रसाद घिमिरे
प्रमुख प्रशासकिय अधिकृत